आ.व. २०७४/७५ को पाँचौं

आज मिति २०७४ साल कार्तिक महिनाको २१ गते मंगलवार को दिन राप्ती गाउं कार्यपालिका को अध्यक्ष श्री तुमानन्द सुवेदीज्यू को अध्यक्षतामा तपसिल को उपस्थितिमा गाउं कार्यपालिका को बैठक बसी तपसिल बमोजिम को निर्णय गरियो।

तपसिल

उपस्थिति

| | |
|---|---|
| श्री तुमानन्द सुवेदी | अध्यक्ष |
| श्री जगदम्बाकुमारी चौधरी | उपाध्यक्ष |
| श्री टेक बहादुर कुमाल | सदस्य |
| श्री वेद प्रसाद चौधरी | " |
| श्री विष्णु बहादुर घर्ती क्षेत्री | " |
| श्री कुवेरी देवी कार्की | " |
| श्री जगत बहादुर थापा | " |
| श्री विष्णु गुरुङ | " |
| श्री तारा बहादुर डि.सी. | " |
| श्री जोकर्ण बहादुर राना मगर | " |
| श्री जोवरधन रावत | " |
| श्री विद्याशरण चौधरी | " |
| श्री सुनिता मल्ल | " |
| श्री तारा कुमारी चौधरी | " |
| श्री चन्दर चौधरी | " |
| श्री रिम बहादुर सुनारी मगर | " |
| श्री संजिव पोख्रेल | " |
| श्री ललित कुमार थापा | सदस्य सचिव |

आमन्त्रित

श्री स.ले.पा.: रेशमराज अधिकारी

विषय : बैठकका प्रस्तावहरु।

प्रस्ताव नं. १ :विदा तथा काज स्वीकृत गर्ने।

प्रस्ताव नं. २ : सडक मर्मत खर्च उपलब्ध गराउने ।

प्रस्ताव नं. ३ : शसस्त्र प्रहरी वल ज्वालामाई गणलाई सडक निर्माणका लागि अनुरोध गर्ने।

प्रस्ताव नं. ४ : कार्यालय सहयोगीको सेवा करारमा लिने।

प्रस्ताव नं. ५ : खरिद प्रकृया शुरु गर्ने।

प्रस्ताव नं. ६ : अनुगमन समितिको सदस्य तोक्ने।

Scanned with CamScanner

प्रस्ताव नं. ७ : न्यायिक समितिको सदस्य तोक्ने ।

प्रस्ताव नं. ८ : वडा कार्यालयको लागि खाजा खर्च उपलब्ध गराउने ।

प्रस्ताव नं. ९ : जग्गाको लगत तथा कारोवार ।

प्रस्ताव नं. १० : विपदको योजनामा लागत सहभागिता छुट गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. ११: स्टोर प्रयोजनको लागि घर भाडामा लिने ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथी छलफल गर्दा राप्ती गाऊँ कार्यपालिकाको पदाधिकारीहरुको काज ७ (सात)दिन सम्मको स्वीकृत गर्ने तथा कार्यकारी अधिकृतको ७(सात) दिन सम्मको विदा तथा काज स्वीकृत गर्न अध्यक्ष ज्यूलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथी छलफल गर्दा राप्ती गाउँपालिका वडा नं. ९ को प्रशिद्ध धार्मिक तीर्थस्थल देवीकोट मन्दिरमा जाने वाटो वर्षातको कारण भत्किएर आवत जावत गर्न कठिनाइ भएकोले सो वाटो स्काभेटरद्धारा मर्मत गरिएकोले सो स्काभेटरको इन्धन वापत खर्च भएको रकम मर्मत संभार कोष वाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.३**

प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस गाउँपालिकाको वडा नं. १ पाखापानी स्थित वगखुटी वनकुलो देखि उत्तर एवं शशस्त्र प्रहरी वल ज्वालामाई गण देखि दक्षिण तर्फवाट सडकको ट्रयाक खोल्नुपर्ने भएकोले सो स्थानमा ट्रयाक खोल्नका लागि आवश्यक सहयोग एवं अनुमतिका लागि शशस्त्र प्रहरी वल ज्वालामाई गण भालुवाङ्ग लाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथी छलफल गर्दा यस गाउपालिकाको प्रथम गाउँसभाद्धारा नौ वटै वडामा स्वीकृत दरवन्दी अनुसार २०७४ साल असोज १ गते देखि कामकाज गर्दै आइरहेका व्यक्तिहरुलाई आर्थिक ऐन नियम तथा सार्वजनिक खरिद ऐन नियमावली अनुसार मासिक १०,५००।- दश हजार पाँच सय पारिश्रमिक दिने गरी सेवा करारमा लिने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रमहरु मध्ये व्याक हो लोडर, रोड रोलर, इन्जिनियरिङ्ग उपकरण लगायतका सामान खरिद,संभाव्यता अध्ययन, लगायतका सवै कार्यक्रमको खरिद प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथी छलफल गर्दा राप्ती गाउँपालिका स्तरीय अनुगमन समितिको सदस्यहरुमा देहाय वमोजिमका पदाधिकारीहरुलाई तोक्ने निर्णय गरियो :

सदस्य : श्री गोवर्धन रावत

सदस्य : श्री चन्दर चौधरी

सदस्य : श्री स्यामलाल पोखेल

Scanned with CamScanner

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथी छलफल गर्दाराप्ती गाउँपालिकाको न्यायिक समितिको सदस्यहरुमा देहाय वमोजिमका पदाधिकारीहरुलाई तोक्ने निर्णय गरियो

सदस्य : श्री तारावहादुर डिसी

सदस्य : श्री विद्याशरण चौधरी

**निर्णय नं.८**

प्रस्ताव नं. ८ माथी छलफल गर्दायस गाउँपालिकाका वडाहरुमा आउने अतिथीहरुको लागि खाजा खर्च मासिक रु ३०००/- उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.९**

प्रस्ताव नं. ९ माथी छलफल गर्दा यस गाउँपालिकाका अन्तर्गतको वडा नं. ९ (साविक लालमटिया ९) का जग्गाका मोठ श्रेष्ता मालपोत कार्यालय घोराही दाङमा रहेको,जग्गा कारोवारका लागि पनि उक्त वडावासिहरु घोराही जानुपर्ने भएकोले सो उक्त मोठ श्रेष्तालाई मालपोत कार्यालय लमहीमा सार्न र सोही कार्यालयवाट जग्गा सम्वन्धि कारोवार शुरु गर्नका लागि सम्वन्धित कार्यालयलाई अनुरोध छ ।

**निर्णय नं.१०**

प्रस्ताव नं. १० माथी छलफल गर्दा यस गाउँपालिकाका वडा नं. ४ को सुगुरे खोलामा आएको वाढीले भत्काई क्षति पुर्‍याएको कर्भट निर्माणका लागि विनियोजित रकम भुक्तानी गर्दा लागत सहभागिता रकम छुट दिने निर्णय गरियो ।

**निर्णय नं.११**

प्रस्ताव नं. ११माथी छलफल गर्दा यस कार्यालयको स्टोर प्रयोजनको लागि कार्यालय नजिक एउटा घर भाडामा लिने निर्णय गरियो ।

Scanned with CamScanner